नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २३९ २०८३ साल बैशाख १५ गते मंगलबार (28 Apr 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : सुरक्षित गर्भपतन सेवा ... ३ पृष्ठमा : शिक्षा क्षेत्र दलीय राजनीतिमुक्त ... ३ पृष्ठमा : पानीको विवादमा चाडमा ...

## जंगली हात्तीको आक्रमणबाट एक बृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख ।**

कोशीटप्पु बन्यजन्तुआरक्ष क्षेत्रबाट निस्केको जंगली हात्तीको आक्रमणबाट सप्तरीमा एक बृद्धको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको अग्नीसाईर कृष्णासबरण गाउँपालिका ६ मोहनपुर टोलका ६६ वर्षिय यज्ञश्वर निरौला छन ।

आईतवार मध्यराती घर नजिकै रहेको आफ्नै मकैबारीको सुरक्षाका लागी फुसको टहरा बनाई वसेका वेला राती १२ बजे तीर जंगली हात्तीले आक्रमण गरेको स्थानीयवासीले बताएका छन ।



फायल फोटो

हात्तीको आक्रमणबाट घट्नास्थल मै मृत्यु भएका निरौलाको शवलाई सोमवार विहानै पोस्टर्माटमका लागी राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल ल्याई पुऱ्याएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डम्बर बहादुर पुरीले जानकारी दिए ।

सप्तरीको पुर्वी उत्तरी क्षेत्रका सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका र अग्नी साईर कृष्णासबरण गाउँपालिकाका दर्जनौ गाउँ टोल दशकौं देखी जंगली हात्तीको आतंक र चपेटामा पर्दै आएका छन । जसकारण त्यस क्षेत्रका वासिन्दा मानविय र आर्थिक क्षती ब्योहर्न बाध्य छन ।

हात्ती आतंक सहन नसकेर नियन्त्रण र क्षतीपुर्तीको माग गर्दै त्यस क्षेत्रका वासिन्दाले पटक/पटक स्थानीय प्रशासन र आरक्ष प्रशासनलाई ज्ञापन पत्र बुझाए पनि अझै सुनुवाइ हुनसकेको छैन ।

## सशस्त्र प्रहरी हवल्दारको अकस्मात मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख ।**

सप्तरीमा एक सशस्त्र प्रहरी हवल्दारको अकस्मात मृत्यु भएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण मुख्यालय सप्तरी अन्तर्गत जिल्लाको बोदेबर्साइन नगरपालिका क्षेत्रमा कार्यरत बारा जिल्लाको पचरौटा नगरपालिका वडा नं. ८ घर भएका ३८ वर्षीय सशस्त्र प्रहरी हवल्दार जितेन्द्र कुमार यादवको मृत्यु भएको हो ।

बोदेबर्साइन नगरपालिका वडा नं. ५ स्थित फोब ( एफओबी) बोदेबर्साइनमा कार्यरत रहेका यादव आईतबार बिहान ट्वाइलेट जाने क्रममा अचानक ब्यारेकको प्यासेजमा लडेर अचेत अवस्थामा भेटिएका थिए ।

उनलाई तत्काल उपचारका लागि स्थानीय जीवन ज्योति अस्पताल बोदेबर्साइन लगिएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज पठाइएको थियो । अस्पताल पुऱ्याएपछि चिकित्सकले ईसीजी परीक्षण गर्दा मृत घोषणा गरेको सशस्त्र प्रहरी उपरीक्षक रोशन बुढाथोकीले जानकारी दिए ।

## वर्षा र चट्याङबाट प्रहरी कार्यालयको भवन र उपकरणमा क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख ।**

आइतबार वर्षासँगै परेको चट्याङबाट सप्तरीको इलाका प्रहरी कार्यालय कञ्चनपुरको भवन र उपकरणमा क्षति पुगेको छ ।

कञ्चनरुप नगरपालिका वडा नं. ८ स्थित रहेको कार्यालयमा आईतबार दिउँसो परेको वर्षा र हावाहुरीसँगै परेको चट्याङका कारण भवनसहित उपकरणमा क्षति पुगेको प्रहरीले जनाएको छ ।

चट्याङले भवनको छत चर्किनुका साथै पानी चुहिने समस्या देखिएको प्रहरीले जनाएको छ । चट्याङका कारण कार्यालयमा जडान गरिएका सञ्चार तथा विद्युतीय उपकरणहरूमा समेत क्षति पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

क्षतिग्रस्त उपकरणहरुमा एक थान मोटोरोला बेस सेट, पाँच थान कम्प्युटर, १२ थान सीसी क्यामेरा (हिरासतभित्र ४ र बाहिर ८), एक थान इन्भर्टर, छ थान सिलिङ पंखा, इन्टरनेट, एक थान एसी तथा एक थान टेलिभिजन रहेका छन् । घटनामा कुनै मानवीय क्षति नभएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## मैसापको अविलम्ब साधारण सभा बोलाउन आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख ।**

मैथिली साहित्य परिषद् सप्तरीका ६ जना पूर्वअध्यक्षहरुले अबिलम्ब परिषदको १८ औं साधारण सभा बोलाउन आग्रह गरेका छन् ।

परिषद्का पुर्वअध्यक्षहरु प्रा. अमरकान्त झा, बिष्णु कुमार मण्डल, देवेन्द्र मिश्र, विवेकानन्द मिश्र, प्रा. अशोक कुमार झा र सतीशकुमार दत्तद्वारा सोमबार जारि संयुक्त विज्ञप्ति मार्फत उक्त आग्रह गरिएको हो ।

जारि विज्ञप्ति मार्फत वर्तमान कार्यकारिणी समितिको निर्धारित समय भन्दा दश महिना बढी समय बितिसक्दा पनि साधारण सभा गर्न नसकेको भन्दै परिषदका अध्यक्ष अवधेश कुमार झा र वर्तमान कार्यकारिणीसँग सो आग्रह गरिएको हो ।

"मैथिली भाषा, साहित्य तथा मैथिल कला, संस्कृतिको उन्नयन, संरक्षण र संवर्द्धनको क्षेत्रमा विगत ५६ बर्षदेखि क्रियाशील रहेको मैथिली साहित्य परिषद सप्तरी राजविराजको १७ औं साधारण सभा पछि २०८० असार २ गते निर्वाचनद्वारा गठन भएको र २०८० असार २० मा पदभार ग्रहण गरी परिषदको वर्तमान कार्यकारिणी संस्थाको विधानको धारा ६ (घ.) अनुसार निर्धारित २ (दूई) बर्षको पदावधि समाप्त भएको १० महिना भन्दा बढी भएता पनि अहिले सम्म साधारण सभाको घोषणा नहुँदा र यस दूई वर्षको कार्यकालमा परिषदद्वारा गरिने नियमित कामहरु जस्तै विद्यापति स्मृति पर्व, अन्तर्राष्ट्रीय मातृभाषा दिवस, साहित्यिक गोष्ठी, जानकी नओमी आदि मनाउने, शिवदत्त मिश्र स्मृति पुरस्कार सहितको अन्य पुरस्कार समेत बितरण गर्न वर्तमान कार्यसमिति असमर्थ रहको तथा परिषदको ऐना रहेको "मिथिला साप्ताहिक" पत्रिकाको प्रकाशन बन्द गरेको कारणले परिषदको राष्ट्रीय-अन्तर्राष्ट्रीय स्तरमा स्थापित रहेको प्रतिष्ठा उपर ठेस पुगेको महसूस गर्दै हामी सबै परिषदका पूर्व अध्यक्षहरु क्षोभ व्यक्त गर्दछौं र अबिलम्ब परिषदको १८औं साधारण सभा बोलाउन यसै विज्ञप्तीको माध्यमले परिषदका अध्यक्ष श्री अवधेश कुमार झा र वर्तमान कार्यकारिणीसँग हार्दिक आग्रह गर्दछौं ।" विज्ञप्तिमा उल्लेख छ ।

## आगलागीमा सातलाख भन्दा बढीको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख ।**

राजविराज नगरपालिका वडा नं. ६ स्थित एक घरमा आगलागी हुँदा सातलाख भन्दा बढीको क्षति भएको छ ।

स्थानिय सुदिप कुमार

***बाँकी अन्तिम पृष्ठमा***

## भावपूर्ण श्रद्धाञ्जली



**जन्म**
**२००१/१२/१८**

**स्वर्गारोहन**
**२०८३/०१/१०**

**स्व. राम बल्लभ लाल कर्ण**

पविमावि राजविराजका सेवानिवृत शिक्षक एवं हाम्रा आदरणिय गुरु राजविराज निवासी **राम बल्लभ लाल कर्ण**को २०८३ बैशाख १० गते ८१ वर्षको उमेरमा भएको निधनले हामी स्तब्ध छौं । दु:खको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नवीनकुमार गुप्ता, सन्तोष कुमार दास, नवनित झा, गजेन्द्र कुमार मण्डल, डा. सन्तोष कुमार चमन, इन्द्रसागर गुप्ता**
**पूर्वविद्यार्थी (बि.स. २०५० एसएलसी ब्याच)**
**पविमावि राजविराज, सप्तरी**

## सम्पादकीय ....

### सिंचाईको उचित व्यवस्था मिलाउन ध्यान पुगोस्

सप्तरी जिल्लामा अधिकांश जनता कृषिमै आश्रित छन्। तर यहाँको सिंचाई र कृषिमा अपेक्षा अनुकुलको अझै सुधार आउन सकेको छैन्। समतल र उर्वराभुमि रहेको सप्तरी जिल्लामा धान मात्र नभई अन्नबाली र अन्य तरकारीबालीको पनि उत्पादन राम्रै हुदै आएको छ। तर बिगत एक दशकयता सप्तरीमा धानबालीसँगै अन्यबालीहरुको समेत उत्पादन घट्दै गएको छ। धानबाली र अन्नबालीको उत्पादनमा आउने कमीका कारण किसानहरु चिन्तित बन्दै गएका छन्। सिचाईको उचित व्यवस्था नहुँदा कृषि उत्पादनमा कमी आउदाँ समेत सम्बन्धित निकायले ध्यान पुर्‍याउन सकेको छैनन्।

धान उत्पादनको दृष्टिकोणले महत्वपुर्ण रुपमा चिनिदै आएको यस जिल्ला सिंचाई आवश्यकता अनुसारको सुविधा छैन्। बर्षाको भरमा खेती गर्ने यहाँका किसानहरु बर्षा नभए खडेरीको मार खेप्दै आएका छन्। रोपाई गरेको धानबालीमा पानीको मात्रा कम भएकाले बालीको जुन किसिमले विकास हुनुपर्नेथ्यो त्यो हुन सकेको छैन्। यता सिचाईको आभावमा बर्षेनी सप्तरीमा कृषि उत्पादनमा ह्रास आउँदा पनि सम्बन्धित निकाय यस समस्याप्रति गम्भीर नहुनु दुर्भाग्यपुर्ण हो।

तसर्थ कृषिमै आश्रित रहेका यहाँका किसानहरु कृषि क्षेत्रको उर्वरा शक्ति बढाउन सरकार र सिंचाईको उचित व्यवस्था मिलाउन सम्बन्धित निकायले उचित कदम चाल्नु आवश्यक छ।


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सुरक्षित गर्भपतन सेवा असुरक्षित

काठमाडौँ, १४ वैशाख (रासस)।

विक्रम संवत् २०७६ चैत ११ देखि २०७७ साउन ६ सम्मका कोभिड–१९ कारण 'लकडाउन' मा मात्र १ सय ३४ सुत्केरी तथा गर्भवतीले अकालमा ज्यान गुमाएका थिए।

महामारीका सुरुआती चरणमा परिवार नियोजनका साधनको मागलाई पूर्ति गर्न समस्या देखियो। कोरोना नियन्त्रणलाई प्राथमिकता दिइएका कारण सुरक्षित गर्भपतन सेवा प्रदान गर्न अप्ठ्यारो भएको हो। महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको थियो।

विसं २०८१ साउनमा चितवनको एक अस्पतालमा गर्भपतन गराउने क्रममा एक महिलाको मृत्यु भयो। भरतपुर महानगरपालिका–२६ की ३२ वर्षीया नवीना महतोको अत्यधिक रक्तस्राव नरोकिएपछि अकालमा निधन भएको थियो। तत्कालीन समयमा गर्भपतन सेवा दिएको स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी नै सूचीकृत तथा तालिम प्राप्तसमेत थिएनन्। 'मेडिकल हब'मा विकसित हुँदै गरेको चितवनमा पछिल्लो समय पनि असूचीकृत स्वास्थ्य संस्था तथा तालिम अप्राप्त स्वास्थ्यकर्मीबाट गर्भपतन सेवा लिने क्रम घटेको छैन।

पर्साको बहुदरमाई नगरपालिका–६ स्थित भौवटारकी लालसा साह कानु को विसं २०८२ को जेठ अन्तिम साता अत्यधिक रक्तस्रावपछि निधन भयो। २४ वर्षीया कानुको गर्भपतनको असूचिकृत औषधि असूचीकृत औषधि पसलबाट किनेर स्वास्थ्यकर्मीको सल्लाह बिना आफूखुसी खाएपछि स्वास्थ्य जटिलता देखिएको थियो।

जटिल अवस्थामा स्वास्थ्य संस्थामा पुगेपछि उपचारका क्रममा उनीको निधन भएको थियो। पर्सामा गर्भपतनका औषधि अनधिकृत पसलबाट अनधिकृत बिक्री हुँदा असुरक्षित गर्भपतनका घटना नियन्त्रणमा चुनौती छ। सीमावर्ती सहर रक्सौलसँग जोडिएकाले पनि जटिलता थपिएको हो। 'गर्भपतन सेवा लिन सूचीकृत स्वास्थ्य संस्थामै जानुपर्छ' र 'गर्भपतनका लागि अनधिकृत औषधि स्वास्थ्यकर्मीको सल्लाह विना सेवन गरिनु हुँदैन' भन्ने चेतनाको अभाव छ।

सुरक्षित गर्भपतन सेवा लिन स्वास्थ्य संस्थामा गएकी पाल्पाको बगनास गाउँपालिका–२ की २९ वर्षीया गीता पाण्डे सदाका लागि असुरक्षित भइन्। तीन वटा स्वास्थ्य संस्था धाउँदा धाउँदै यही वैशाख ६ गते उनको अकालमा मृत्यु भयो। बुटवल उपमहानगरपालिकास्थित खत्री नर्सिङ होम, जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिकको 'हेलचेक्र्याइँ' नै उनको निधनको प्रमुख कारक बन्यो।

नेपाल मेडिकल काउन्सिलले हालैको बुटवल घटनाबारे सार्वजानिक गरेको प्रारम्भिक प्रतिवेदनले औँल्याउँदछ "आर्थिक लाभका लागि विना रेकर्ड गर्भपतन गराउने कार्य बढिरहेको र यसकै कारण महिलाहरू जोखिममा परी मृत्युदर समेत बढेकाले सो कार्यलाई रोक्नका लागि आवश्यक नीति बनाई कार्यान्वयनमा ल्याउनुपर्छ।"

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका अनुसार बुटवल उपमहानगरपालिकास्थित खत्री नर्सिङ होम, जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिक गर्भपतन सेवाका लागि सूचीकृत छैनन्। साथै गीताको उपचारमा संलग्न भनिएका स्वास्थ्यकर्मीसमेत गर्भपतन सेवाका लागि तालिम अप्राप्त व्यक्ति हुन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहसचिव एवं निवर्तमान प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार गर्भपतन सेवाका लागि सेवाप्रदायक स्वास्थ्य संस्था अनिवार्य सूचीकृत हुनैपर्छ र स्वास्थ्यकर्मीले आवश्यक तालिम लिएकै हुनुपर्छ।

स्वास्थ्यकर्मीले गर्भपतन गराउन गीतालाई दिएको औषधि कुन थियो, यो औषधिको बिक्रीका लागि औषधि व्यवस्था विभागमा दर्ता गरिएको थियो कि थिएन नेपाल मेडिकल काउन्सिलद्वारा गठित छानबिन समितिले अध्ययन गरिरहेको छ। काउन्सिलका सदस्य डा सम्राट पराजुली नेतृत्वको छानबिन समितिले अन्तिम प्रतिवेदन नआएसम्म बुटवलका जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिक 'सिल' गर्न सिफारिस गरेको छ।

मेडिकल काउन्सिलका रजिस्ट्रार डा शतिशकुमार देवले बुटवल घटनाको प्रारम्भिक प्रतिवेदन तयार गरिएको, यसका केही सुझाव कार्यान्वयनमा समेत आइसकेको र अन्तिम प्रतिवेदन तयार भएपछि घटनाबारे विस्तृत विवरण आउने जानकारी दिनुभयो।

प्रारम्भिक प्रतिवेदनमा भनिएको छ, "पूर्वाधारको अभाव जटिलता उत्पन्न हुँदा आवश्यक पर्ने जीवनरक्षा प्रणाली उपकरणहरू क्लिनिकमा पर्याप्त हुनुपर्ने र सोका आधारमा मात्रै सञ्चालन अनुमति दिनुपर्ने, सम्बन्धित निकायबाट अनुगमन तथा निरीक्षण गरी तोकिएको मापदण्ड पूरा नभएका स्वास्थ्य संस्थाहरू तत्काल बन्द गर्नुपर्ने, स्वास्थ्य सेवा प्रदायकले चिकित्सकको 'प्रेस्क्रप्सन' विना औषधि बिक्री वितरण गर्न नपाइने बिक्री वितरण गरेका सम्पूर्ण औषधिको अभिलेख राख्नुपर्ने, दर्तावाला चिकित्सकले सेवा प्रदान गर्दा आवश्यक पूर्वाधार पूरा गरेका स्वास्थ्य संस्थाहरूबाट मात्रै सेवा प्रदान गर्ने र आफूले प्रदान गरेको सेवाको सम्पूर्ण विवरण 'डिजिटल' रूपमा अभिलेख राख्नुपर्ने, प्रत्येक स्वास्थ्य संस्थाले सेवा प्रदान गर्ने विषयमा सर्वसाधारणले प्रस्ट देखिने गरी मूल्यसूची सहितको नागरिक बडापत्र अनिवार्य रूपमा राखिनुपर्ने।"

साथै निजी क्लिनिक र अस्पतालहरूको सूचीकरण र गुणस्तरको तत्काल अनुगमन गरी मापदण्ड नपुगेका संस्था बन्द गर्न र सुरक्षित गर्भपतन सरकारी तथा सूचीकृत अस्पताल, स्वास्थ्य संस्थामा मात्र गराउन सर्वसाधारणमा सूचना प्रवाह गर्न प्रारम्भिक सुझाव समितिले दिएको छ।

**प्रभावकारी बन्न सकेनन् कानुन, पुगेन अनुगमन**

सुरक्षित गर्भपतन सेवालाई कानुनले स्पष्ट रूपमा मुख्यतः महिलाको प्रजनन स्वास्थ्य र अधिकारका रूपमा व्याख्या गरे पनि सो सेवामा लक्षित वर्गको सहज पहुँच, गुणस्तरीय सेवा र यसको स्वीकार्यतालाई देशभर विस्तार गर्न सकिएको छैन। असुरक्षित गर्भपतनका कारण हुने मातृ मृत्युदर घटाउन पनि सकिएको छैन। सरकारले सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गरिरहे पनि अनुगमन पक्ष अत्यन्त फितलो हुँदा अकालमा आमाहरूको मृत्यु रोकिएको छैन।

सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले सुरक्षित गर्भपतन सेवा सञ्चालनको अनुमति दिने अधिकार स्थानीय पालिकालाई दिएको छ। तर अझै पनि अधिकांश स्थानीय पालिकाले यो अधिकारलाई जनशक्तिको अभाव देखाउँदै प्रयोग गर्न पन्छिदै आएका छन्।

सुरक्षित गर्भपतन कुनै अपराध होइन, प्रत्येक गर्भवती तथा किशोरीको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न सकिएको छैन।

महिला विकास तथा कानुन मञ्च आबद्ध अधिवक्ता सविन श्रेष्ठले सुरक्षित गर्भपतनसम्बन्धी ऐन नियमावली कार्यान्वयन तथा अनुगमन पक्ष फितलो भएका कारण समस्या भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, नियमावली संशोधन जरुरी छ। प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन ल्याउने मुलुकहरूमा नेपालसहित फिलिपिन्स, युगान्डालगायत मुलुक मात्रै छन्।"

परिवार कल्याण महाशाखाका अनुसार नेपालमा गत आर्थिक वर्ष मुलुकभर एक लाख पाँच हजार बढी महिलाले गर्भपतन सेवा लिएका थिए। तीमध्ये २० वर्ष माथिका औषधि दिइने सेवा (एमए) ६९ हजार ६९०, औजारद्वारा दिइने सेवा एमभिए) २६ हजार २८८, औषधि दिइने सेवा (एमआई) एक हजार ६० र औजारद्वारा दिइने सेवा (डिएन्डई) ५५९ र २० वर्ष मुनिका ६ हजार ९०१ रहेका थिए।

महाशाखाले गरेको अध्ययनअनुसार नेपालमा हुने करिब ५२ प्रतिशत गर्भपतन असुरक्षित छन्। अर्थात् ४८ प्रतिशत मात्र सुरक्षित गर्भपतन हुने गर्दछ। सन् २०२१ को अध्ययन भन्दछ, "सन् २०२१ मा गर्भपतन सेवा लिएका तीन लाख ३३ हजार ८५३, स्वास्थ्य संस्थामा गरिएको गर्भपतन एक लाख ७६ हजार २१६, स्वास्थ्य संस्था बाहिर एकलाख ४० हजार ४६० र अन्य हानिकारक अभ्यसद्वारा १६ हजार ६६७।"

सोही अध्ययनमा नेपालमा एक वर्षमा आठ लाख ६२ हजार १९९ गर्भधारण हुनेमध्ये करिब ५३ प्रतिशत गर्भ अनिच्छित रहने गरेको छ। साथै दुई तिहाइ अनिच्छित गर्भपतन हुने गरेको छ।

कुल गर्भपतनको ५२ प्रतिशत असुरक्षित हुने गरेको छ। औसतमा नेपालमा प्रत्येक दिन दुई जना आमाले अकालमा ज्यान गुमाउँदा करिब पाँच प्रतिशत मातृ मृत्युमध्ये गर्भपतनका जटिलताका कारण हुने गरेको छ।

सुरक्षित गर्भपतनका सेवाका बारेमा अनुगमनको समन्वय गर्ने काम सम्बन्धित जिल्ला जनस्वास्थ्य कार्यालय/स्वास्थ्य कार्यालयलाई रहेको छ। तर हालसम्म यस्तो अनुगनमन न्यून मात्र हुने गर्दछ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन २०७५ को भाग ४ को दफा १५ ले गर्भवतीको अवस्थाअनुसार १२ देखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिन्छ। गर्भवतीको मञ्जुरीमा १२ हप्तासम्म जस्तो प्रकारको गर्भ पनि पतन गराउन सकिन्छ। गर्भपतन नगराएमा ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको गर्भ पनि पतन गराउन पाइने व्यवस्था उक्त ऐनले गरेको छ। यसबाहेक जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, रोग प्रतिरोधात्मक क्षमता उन्मुक्ति गर्ने जीवाणु वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेमा पनि महिलाको मञ्जुरीमा २८ हप्तासम्म सुरक्षित गर्भपतन गराउन पाइने व्यवस्था सो ऐनमा छ।

**सरकारी स्वास्थ्य संस्थाः निःशुल्क सेवा छ, सेवाग्राही छैनन्**

हाल ७७ जिल्ला अस्पताल र सीमित प्राथमिक स्वास्थ्य केन्द्रमा गर्भपतन सेवा उपलब्ध छ। विसं २०७३ देखि नै निःशुल्क रहेको यो सेवाका बारेमा सेवाग्राहीलाई जानकारी नै छैनन्। नेपालमा बर्सेनि कति महिलालाई सुरक्षित गर्भपतनको सेवा आवश्यक पर्छ र कति सेवाग्राहीले औषधि पसलका औषधिबाट गर्भपतन गराउँछन् भन्ने यकिन तथ्याङ्क सरकारी निकायसँग छैन।

स्वास्थ्य मन्त्रालयका सहसचिव डा बुढाथोकी भन्नुहुन्छ, "सेवाग्राहीले गर्भपतन सेवाका लागि क्लिनिक सूचीकृत छ कि छैन बुझेर मात्र सेवा लिनुपर्छ।

*बाँकी अन्तिम पृष्ठमा*

# शिक्षा क्षेत्र दलीय राजनीतिमुक्त बनाउन शिक्षामन्त्रीको पहल

**सिवी अधिकारी**

काठमाडौँ, १४ वैशाख (रासस)।

सरकारले मुलुकको समग्र शिक्षा क्षेत्रको सुधारका लागि नीतिगत र संरचनागत सुधारका काम अगाडि बढाएको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जिम्मेवारी सम्हालेको एक महिनाको अवधिमा शिक्षा क्षेत्रलाई दलीय राजनीतिबाट मुक्त राख्न विद्यालय र विश्वविद्यालय हाताभित्र रहेका दलीय विद्यार्थी सङ्गगठनका संरचना हटाउनेदेखि शैक्षिक वातावरण, गुणस्तर अभिवृद्धि, अनलाइनबाट एनओसी लिनेजस्ता महत्वपूर्ण निर्णय गरिएको छ।

यसबीचमा विद्यार्थी भर्ना र शुल्क व्यवस्थापन, शैक्षिक क्यालेन्डर सुधारका कामलाई पनि कार्यान्वयनमा ल्याइएको छ। शिक्षामन्त्री पोखरेलले शिक्षाक्षेत्र दलीय राजनीतिमुक्त बनाउन हस्तक्षेपकारी पहल गर्नुभएको छ। दलीय सङ्गठनको विकल्पमा विद्यार्थीको वास्तविक प्रतिनिधित्व गराउन आगामी ९० दिनभित्र 'स्टुडेन्ट काउन्सिल' वा 'भ्वाइस अफ स्टुडेन्ट' जस्ता गैरराजनीतिक संयन्त्रको विकास गरिनेछ। साठी दिनभित्र शिक्षण संस्थाबाट दलीय आधारमा बनेका सङ्गठनका संरचना हटाइने १०० बुँदे कार्यसूचीमा उल्लेख छ। काठमाडौँ विश्वविद्यालयबाट 'स्टुडेन्ट' काउन्सिल कार्य सुरु भएको छ।

विश्वविद्यालय समन्वय समितिको हालैको निर्णयअनुसार सबैलाई विद्यार्थी सङ्गठन स्थापनका लागि भवन, जमिन उपलब्ध नगराउने, सङ्गठनका भौतिक सङ्केत हटाउने र कुनै कानुनी व्यवस्था गरेको भए खारेज गर्ने निर्देशन दिइएको मन्त्रालयले जनाएको छ।

**स्नातक तहसम्मको अध्ययन गर्न नागरिकता नचाहिने**

शिक्षा क्षेत्रको संरचनागत सुधारका लागि स्नातक तहसम्मको अध्ययनमा नागरिकताको अनिवार्यता हटाउने निर्णय गरिएको छ। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्ले सार्वजनिक गरेको शासकीय सुधारको १०० बुँदे कार्यसूचीको बुँदा नम्बर ८८ मा विद्यार्थीलाई स्नातकसम्मको अध्ययनका लागि नागरिकता आवश्यक नपर्नेगरी विश्वविद्यालयले तत्काल कार्यविधि बनाउनुपर्ने उल्लेख छ। काठमाडौँ विश्वविद्यालयले कार्यविधि बनाउन लागेको छ भने अन्य विश्वविद्यालय कार्यान्वयनमा गइसकेका छन्।

यस्तै, शैक्षिक क्यालेन्डरअनुसार समयमै नतिजा सार्वजनिक गर्ने र आगामी शैक्षिकसत्रदेखि कक्षा ५ सम्मका आन्तरिक परीक्षा बन्द गरी 'वैकल्पिक मूल्याङ्कन प्रणाली' लागू गर्ने तयारी गरिएको छ। नतिजामा आधारित शासकीय प्रबन्ध 'डेलिभरी बेस्ट गभर्नेन्स'का लागि विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले परीक्षा सम्पन्न भएको मितिले दुई महिनाभित्र परीक्षाफल प्रकाशन गर्न परिपत्र भएको र सम्बन्धित संस्थाबाट कार्यतालिका तयारी भइरहेको मन्त्रालयले जनाएको छ।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको क्षमता विस्तार गर्नका लागि जिआइडिसीमा भएको 'नेटवर्क इस्यु'को समाधान भएको छ।

**परीक्षाको दुई महिनाभित्रै नतिजा**

सिकाइ चौतारी मोबाइल एप विकास गरी सञ्चालनमा ल्याइएको छ। माध्यमिक शिक्षा परीक्षाको नतिजा परीक्षा सम्पन्न भएको दुई महिनाभित्र नै रिजल्ट आउनेगरी तयारी भइरहेको छ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ बमोजिम संस्थागत विद्यालयले अनिवार्य रुपमा छात्रवृत्ति उपलब्ध गराउनका लागि मन्त्रालयबाट सबै स्थानीय तहलाई परिपत्र भई सोको प्रतिवेदनसमेत प्राप्त भइसकेको छ। जेनजी आन्दोलनबाट प्रभावित परिवार र नागरिकलाई सरकारी सार्वजनिक तथा निजी क्षेत्रमा रोजगारीका अवसर, सीप, विकास, मनोसामाजिक परामर्श तथा पुनःस्थापना गर्न मन्त्रालयबाट परिपत्र भएको छ।

प्रमाणपत्रहरू नागरिकले आधिकारिक मोबाइल एप, नागरिक एप वा इमेलमा डाउनलोड गर्न मिल्ने व्यवस्था मिलाउन विश्वविद्यालयलाई पत्राचार गरिएको छ। नेपाललाई आरोग्य पर्यटनको 'हब' बनाउन पाठ्यक्रम विकास केन्द्रलाई मौजुदा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जनका बखत आरोग्य पर्यटनको नीति र सिद्धान्तलाई अनुशरण गर्न परिपत्र गरिएको छ।

**अब घरबाटै 'एनओसी लेटर'**

वैदेशिक अध्ययनमा जाने विद्यार्थीले अब घरबाटै वैदेशिक अध्ययन अनुमतिपत्र 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) लिनसक्ने भएका छन्। शिक्षा मन्त्रालयअन्तर्गतको एनओसी शाखाले 'एनओसी सर्टिफिकेट'लाई फेसलेस बनाउन एनओसी अनलाइन पोर्टल र त्रिभुवन विश्वविद्यालय (त्रिवि) तथा काठमाडौँ विश्वविद्यालय(केयु)बीच हालै एपिआई गर्ने कार्य सम्पन्न गरेको हो। केयुसँग यसअघि नै सम्झौता भइसकेको छ। योसँगै विद्यार्थीले घरमै बसेर अनलाइनमार्फत एनओसीका लागि आवेदन दिन सक्नेछन्।

अटिजम भएका बालबालिकालाई सहज, सरल र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यसहित सरकारले सातै प्रदेशमा अटिजम नमुना विद्यालय स्थापना गर्ने घोषणा गरेअनुरुप उक्त कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउन विभिन्न मन्त्रालयबीच समन्वय गरी अवधारणापत्र तयार गर्न प्राविधिक समिति गठन गरिएको छ।

# आगामी दश वर्षमा चौबीस हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गरिने

**रमेश लम्साल**

काठमाडौँ, १४ वैशाख (रासस)।

सरकारले आर्थिक वर्ष २०९२/९३ सम्ममा सरकारी, सार्वजनिक र निजी क्षेत्रको समेत लगानीमा कुल २४ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहितको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' सार्वजनिक गरेको छ।

सो रणनीतिमा यसअघि प्रस्ताव गरिएका, अध्ययन भएका, निर्माणमा रहेका र निर्माणमा जान तयार अवस्थामा रहेका आयोजना रहेका छन्। जलाशय र अर्धजलाशय प्रकृतिका आयोजनाका अलावा सौर्य ऊर्जा परियोजनालाई पनि रणनीतिमा समावेश गरिएको छ। रणनीतिमा बहुचर्चित बुढीगण्डकी जलाशयुक्त आयोजना २०८१ सालसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। कुल एक हजार २०० मेगावाट क्षमताको सो आयोजना निर्माणको तयारीमा छ। लगानी ढाँचा तय भएको तर कार्यान्वयनमा भने गइनसकेको सो आयोजनालाई सरकारले प्राथमिकतामा राखेको छ।

रणनीतिमा समावेश गरिएको कार्ययोजनामा निकट भविष्यमा नै रघुगङ्गा जलविद्युत् आयोजना सम्पन्न हुने उल्लेख छ। कुल ४० मेगावाट क्षमताको सो आयोजना निर्माणको अन्तिम चरणमा छ। यसैगरी, १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना आव २०८५/८६ सम्म निर्माण सम्पन्न हुने जनाइएको छ।

रणनीतिमा प्रस्ताव गरिएअनुसार ४२ मेगावाट क्षमताको माथिल्लो मोदी ए, १८ दशमलव दुई मेगावाट क्षमताको माथिल्लो मोदी, ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशूली ३ बी सम्पन्न हुने लक्ष्य राखिएको छ। निर्माणको तयारीमा रहेको दूधकोशी जलाशययुक्त आयोजना २०९१ सालसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। सो आयोजनाको क्षमता ६७० मेगावाट रहेको छ।

एक हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण, ४१७ मेगावाट क्षमताको नलगाड पनि सोही वर्ष सम्पन्न गर्ने कार्ययोजनामा समावेश छ। यस्तै, ४९० मेगावाट क्षमताको अरुण चौथो, ४३९ मेगावाट क्षमताको बेतन कर्णाली जलविद्युत् आयोजना विसं २०९० सम्म निर्माण सम्पन्न हुनेछ।

त्यसैगरी, २१० मेगावाटको चैनपुर सेती २०८७ सालसम्म सम्पन्न गर्ने सरकारको लक्ष्य छ। कुल ९९ मेगावाट क्षमताको तामाकोशी पाँचौं, २८१ मेगावाट क्षमताको नौमुरे, ८२८ मेगावाट क्षमताको उत्तरगङ्गा जलविद्युत् आयोजनालाई पनि विशेष प्राथमिकतामा राखिएको छ। उत्तरगङ्गा जलविद्युत् आयोजना २०९२ सालसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नेपाल विद्युत् प्राधिकरणले प्रवर्द्धन गर्ने एक हजार मेगावाट क्षमताको सौर्य परियोजना भने २०८५ सालसम्ममा सम्पन्न हुनेछन्। निजी क्षेत्रका प्रवर्द्धकले लगानी एवं उत्पादन गर्ने सौर्य परियोजना प्रतिस्पर्धाका आधारमा छनोट गरी अगाडि बढाइएको छ। ऊर्जा मिश्रणको अवधारणा कार्यान्वयनका लागि सौर्यका आयोजना प्रस्ताव गरिएको छ।

त्यसैगरी, सरकारी कम्पनी र प्राधिकरण तथा अन्य सहायक कम्पनीले प्रवर्द्धन गर्ने तीन हजार ५०० मेगावाट क्षमताका आयोजनाहरू पनि २०९२ सालसम्ममा सम्पन्न हुनेछन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले प्रवर्द्धन गर्ने सौर्य तथा निर्यात केन्द्रित आयोजनाहरू पनि सोही वर्षसम्म सम्पन्न हुनेछन्। ती आयोजनाको क्षमता १४ हजार मेगावाटबराबर रहेको छ।

उपभोक्तालाई गुणस्तरीय विद्युत् उपलब्ध गराउने, व्यापार विस्तार गर्ने एवं निर्यातसमेत प्रवर्द्धन गर्ने लक्ष्यका साथ सरकारले रणनीति सार्वजनिक गरेको छ। रणनीतिमा १४ वटा आन्तरिक प्रसारण लाइन र १० वटा अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने लक्ष्य छ। भूमिगत वितरण प्रणाली विसं २०८५ सम्म सम्पन्न हुनेछन्।

घरायसी रूपमा विद्युतीय चुलोको विस्तार गर्दै अनुदान प्रदान गर्ने, देशभर चार्जिङ स्टेशनको विस्तार गरी यातायात क्षेत्रलाई विद्युतीय बनाउने, कोइला बोयलरलाई विद्युतीय बोयलरमा रुपान्तरण गर्ने लक्ष्य राखिएको छ। कृषि क्षेत्रलाई आधुनिक बनाउने लक्ष्यका साथ विद्युतीय महसुलमा सहुलियत दिने र शतप्रतिशत विद्युतीय सिँचाइ पम्पमा रुपान्तरण गरिनेछ।

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### पानीको विवादमा चाडमा ४२ जनाको मृत्यु

एनडजेमेना (चाड), १४ वैशाख (रासस/एपी)।

पूर्वी चाडमा पानीको स्रोतलाई लिएर सुरु भएको स्थानीय विवाद तीव्र प्रतिशोधात्मक हिंसामा परिणत हुँदा कम्तीमा ४२ जनाको ज्यान गएको छ। सुडान सीमासँग जोडिएको क्षेत्रमा भएको यो घटना स्रोत अभाव र बढ्दो अस्थिरताले कसरी ठूलो मानवीय सङ्कट निम्त्याउन सक्छ भन्ने उदाहरणका रूपमा देखिएको छ। उपप्रधानमन्त्री लिमाने महामतका अनुसार शनिबार वाडी फिरा प्रान्तको इगोटे गाउँमा दुई परिवारबीच पानी प्रयोगको विषयमा सुरु भएको झडप चाँडै व्यापक हिंसामा परिणत भएको थियो। घटनामा १० जना घाइते भएका छन्। उनीहरूलाई प्रान्तीय स्वास्थ्य केन्द्रमा उपचारका लागि लगिएको छ।

महामतले झडप एकै ठाउँमा सीमित नरही वरपरका क्षेत्रमा फैलिँदै गएको बताउँदै त्यसलाई नियन्त्रणमा लिन सेना परिचालन गर्नुपरेको जानकारी दिनुभयो। उहाँका अनुसार सुरक्षाकर्मीको 'द्रुत हस्तक्षेप' का कारण स्थिति नियन्त्रणमा ल्याउन सफल भएको र अहिले अवस्था सामान्यतर्फ फर्किएको छ। सरकारले घटनापछि गाउँस्तरमा परम्परागत सहमति-समाधान प्रक्रिया अघि बढाउने र दोषी पहिचान गरी कानूनी कारबाही सुरु गर्ने घोषणा गरेको छ। यसले स्थानीय स्तरमा विवाद समाधान र दीर्घकालीन शान्ति कायम गर्ने प्रयासलाई जोड दिने सङ्केत गरेको छ। चाडमा यस्ता अन्तरसामुदायिक झडपहरू नयाँ होइनन्। विशेषगरी पानी, जमिन र चरनजस्ता सीमित स्रोतहरूमा निर्भर समुदायबीच बारम्बार विवाद हुने गरेको छ। गत वर्ष पनि दक्षिणपश्चिमी क्षेत्रमा किसान र गोठालाबीच भएको हिंसामा ४२ जनाको मृत्यु भएको थियो भने धेरै घरहरू जलाइएको थियो।

पूर्वी चाडका क्षेत्रहरू अहिले अझ संवेदनशील अवस्थामा छन्, जहाँ सुडानमा जारी द्वन्द्वका कारण हजारौँ शरणार्थीहरू आश्रय लिएर बसेका छन्। यसले स्थानीय स्रोतहरूमा थप दबाब सिर्जना गरेको छ र सुरक्षाको चुनौती बढाएको छ। सीमापारबाट सशस्त्र समूहहरू प्रवेश गर्ने घटनाहरू बढेपछि चाड सरकारले फेब्रुअरीदेखि 'अर्को सूचना नआउन्जेल' का लागि सुडानसँगको सीमा बन्द गरेको थियो। सरकारका अनुसार सीमा क्षेत्रको स्थायित्व कायम राख्न आवश्यक सबै उपायहरू अपनाइनेछन्।

### हर्मुज खुलाउन इरानको प्रस्ताव, वार्ता अन्योलमा

कायरो, १४ वैशाख (रासस/एपी)।

विश्व ऊर्जा आपूर्तिको मुटु मानिने हर्मुज जलघाँटीमा जारी तनाव कम गर्ने प्रयासस्वरूप इरानले आफ्नो नियन्त्रण हटाउने प्रस्ताव अघि सारेको छ, तर त्यसको सट्टामा अमेरिकाले लगाएको नाकाबन्दी अन्त्य गर्नुपर्ने शर्त राखेपछि कूटनीतिक समीकरण झनै जटिल बनेको छ। आणविक कार्यक्रमलाई अलग राख्दै अघि सारिएको यो प्रस्तावले युद्धविरामलाई दीर्घकालीन समाधानमा रूपान्तरण गर्ने प्रयास भए पनि सहमति अझै टाढा देखिएको छ। यस विषयमा जानकारी राख्ने दुई क्षेत्रीय अधिकारीका अनुसार इरानले जलघाँटीमा लगाएको प्रतिबन्ध हटाउन तयार रहेको सङ्केत दिएको छ, तर त्यसको बदलामा अमेरिकाले इरानी बन्दरगाहहरूमा लगाएको नाकाबन्दी फुकुवा गर्नुपर्ने माग गरेको छ। तर यो प्रस्तावलाई अमेरिकी प्रशासनले सहज रूपमा स्वीकार गर्ने सङ्केत देखिएको छैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक कार्यक्रम अन्त्य नगरी कुनै दीर्घकालीन समाधान सम्भव नहुने अडान दोहोऱ्याउनुभएको छ। उहाँले आइतबार फक्स न्युजसँगको अन्तर्वार्तामा इरानसँग वार्ता गर्न आफू तयार रहेको जनाउँदै उनीहरूले प्रत्यक्ष सम्पर्क गर्नुपर्ने बताउनुभयो।

यसैबीच, इरानका विदेशमन्त्री अब्बास अराघची सोमबार रुसको सेन्ट पिटर्सबर्ग पुग्नुभएको छ। त्यहाँ उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट्ने कार्यक्रम रहेको छ। इरानी सरकारी समाचार एजेन्सीका अनुसार अराघचीले पछिल्ला घटनाक्रमबारे रुससँग परामर्श गर्ने अवसरका रूपमा यो भ्रमणलाई लिनुभएको छ। उहाँले ओमान, पाकिस्तान र अन्य क्षेत्रीय देशहरूसँग पनि वार्ता गर्दै कूटनीतिक पहललाई निरन्तरता दिनुभएको छ। इस्लामाबादमा इरान-अमेरिका वार्ता पुनः सुरु हुने अपेक्षा गरिएको थियो। पाकिस्तानले मध्यस्थताको प्रयास गर्दै वार्ता आयोजना गर्न खोजे पनि अमेरिकी पक्षले प्रत्यक्ष भेटघाटभन्दा टेलिफोन संवादलाई प्राथमिकता दिएपछि प्रक्रिया प्रभावित भएको हो। अराघचीले वार्ता ढिलाइ हुनुमा अमेरिकी 'अत्यधिक माग' जिम्मेवार रहेको आरोप लगाउनुभएको छ। अर्कोतर्फ, ट्रम्पले इरानको नेतृत्वभित्र स्पष्टता नभएको टिप्पणी गर्दै यस्तो अवस्थाले सम्झौता गर्न कठिन भएको सङ्केत गर्नुभयो। अमेरिकी दूत स्टिभ विटकफ र जारेड कुशनरलाई इस्लामाबाद पठाउने योजना अन्ततः रद्द भएपछि कूटनीतिक प्रयास थप अनिश्चित बनेको छ।

पर्सियन खाडीको प्रवेशद्वार मानिने हर्मुज जलघाँटी अहिले पनि तनावको केन्द्रमा छ। विश्वको करिब पाँचौं भाग तेल र ग्यास यही मार्ग हुँदै आपूर्ति हुने गर्दछ। इरानले आवागमनमा प्रतिबन्ध लगाएको र अमेरिकाले नाकाबन्दी जारी राखेका कारण विश्व बजारमा तेलको मूल्य तीव्र रूपमा बढेको छ। सोमबार ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल करिब १०७ डलर पुगेको छ । योयुद्धअघि करिब ७२ डलर थियो। जलघाँटीमा अवरोधका कारण तेल मात्र नभई, तरलीकृत ग्यास, मल र अन्य सामग्रीको आपूर्ति पनि प्रभावित भएको छ। धेरै ट्याङ्करहरू पर्सियन खाडीमै रोकिएका छन्, जसले विश्वव्यापी आपूर्ति शृङ्खलामा दबाब सिर्जना गरेको छ। यसबीच इरानले ओमानसँग जहाज आवागमनका लागि टोल प्रणाली लागू गर्ने सम्भावनामा पनि छलफल गरेको बताइएको छ। साथै, नयाँ वार्ता अघि अमेरिकाले नाकाबन्दी हटाउनुपर्ने माग दोहोऱ्याएको छ, जसले वार्ता अझ जटिल बनाएको छ।

गत फेब्रुअरी २८ मा सुरु भएको अमेरिका-इजरायल संयुक्त आक्रमणपछि भड्किएको युद्ध औपचारिक रूपमा रोकिए पनि स्थायी समाधान निस्किएको छैन। हजारौँ मानिसको ज्यान गएको र विश्व अर्थतन्त्रमा असर पारेको यो द्वन्द्व अझै संवेदनशील अवस्थामा छ। दुवै पक्षले सैन्य चेतावनी पनि जारी राखेका छन्। इरानले अमेरिकी कदमलाई 'समुद्री डकैती' भन्दै कडा प्रतिक्रिया दिने चेतावनी दिएको छ भने ट्रम्पले जलमार्गमा खतरनाक गतिविधि गर्ने डुङ्गाहरूलाई तत्काल कारबाही गर्न आदेश दिनुभएको छ। ट्रम्पका अनुसार इरानले हालै 'अझ राम्रो' प्रस्ताव पठाएको भए पनि त्यसको विवरण सार्वजनिक गरिएको छैन। तर उहाँले इरानसँग आणविक हतियार नहुने सुनिश्चितता आफ्नो प्रमुख सर्त रहेको स्पष्ट पार्नुभएको छ। संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी निकायका अनुसार इरानसँग ६० प्रतिशतसम्म समृद्ध युरेनियमको उल्लेख्य भण्डार रहेको छ, जुन हतियार-स्तरसम्म पुग्न केही प्राविधिक चरण मात्र बाँकी रहेको मानिन्छ।

# ट्रेड युनियन अधिकार कटौती नगर्न आग्रह

काठमाडौँ, १४ वैशाख (रासस)।
निजामती क्षेत्रमा क्रियाशील विभिन्न ट्रेड युनियनले सङ्घीय निजामती विधेयकमा ट्रेड युनियन अधिकार कटौती नगर्न आग्रह गरेका छन्।

नेपालको संविधान र अन्तरराष्ट्रिय श्रम सङ्गठनमा नेपाल पक्ष राष्ट्र भएर हस्ताक्षर र अनुमोदन गरेका अभिसन्धिअनुसार सबै पेसाकर्मीले सङ्गठित हुने र रोजेको सङ्गठनको सदस्य हुन पाउनेगरी पूर्ण ट्रेड युनियन अधिकार सुनिश्चित गर्न उनीहरुले माग गरेका हुन्।

उनीहरुले संयुक्त विज्ञप्तिमार्फत सार्वजनिक सेवामा कार्यरत कर्मचारीको हकहित संरक्षण, सहभागिता र सामूहिक सौदाबाजीको अधिकारलाई कानुनी रूपमा मजबुत बनाउनसमेत आग्रह गरेका छन्।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यही वैशाख ११ गते शुक्रबार सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा विधायन ऐन, २०८१ बमोजिम आवश्यक सुझावका लागि सार्वजनिक गरेको छ।

संयुक्त रूपमा माग गर्नेहरूमा नेपाल निजामती कर्मचारी सङ्गठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी सङ्गठन, एकीकृत सरकारी कर्मचारी सङ्गठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी सङ्गठन रहेका छन्।

## आगलागीमा ...

गुप्ताको घरमा आइतबार राती विद्युत् सर्ट भएर आगलागी हुँदा सातलाख ६० हजार मुल्य बराबरको धनमाल क्षति भएको हो।

आगलागीबाट कोठाभित्र रहेका कपडा, सुन, चाँदी, नगद, फर्निचर तथा मोबाइलसहित करिब ७ लाख ६० हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

प्रहरीका अनुसार करिब दुई लाख बराबरका कपडा, दुईलाख बराबरको १३ आना सुन, ३४ हजार बराबरको १७ आना चाँदी, एकलाख ५१ हजार नगद, एकलाख ५० हजार बराबरका फर्निचरका सामान तथा २५ हजार बराबरका ३ थान मोबाइल जलेर नष्ट भएको छ।

स्थानीय बासिन्दा र नेपाल प्रहरीको संयुक्त प्रयासमा आगो पूर्ण रुपमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

## आगामी दश ...

रासायनिक मल र डेटा सेन्टर स्थापनालगायतका ऊर्जा सघन उद्योग सञ्चालनका लागि विशेष विद्युत् महसुल निर्धारण गर्ने सरकारको योजना छ।

# भन्सार शुल्क लाग्ने सरकारी निर्णय विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, १४ वैशाख।**

एक सय रुपैयाँभन्दा बढी मूल्यको सामान नेपाल-भारत सीमानाकाबाट घरायसी प्रयोजनका लागि ल्याउँदा भन्सार शुल्क लाग्ने सरकारी निर्णय विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ।

अधिवक्ताहरू अमितेश पण्डित, आकाश महतोसहित सुयोग्य सिंह र प्रशान्त विक्रम शाहले सोमबार उक्त निर्णय खारेजीको माग गर्दै रिट दायर गरेका हुन्।

नेपाल-चीन सीमानाका वा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आउने यात्रीहरूका लागि भन्सार छुटको सीमा बढी भएको तर भारतसँगको खुल्ला सीमामा १०० रुपैयाँको मात्र सीमा तोकिनुले मधेस र तराई क्षेत्रका नागरिकमाथि भौगोलिक र वर्गीय विभेद भएको जिकिर गरिएको छ।

आजको महँगीको युगमा १०० रुपैयाँमा कुनै पनि दैनिक उपभोग्य वस्तु आउन नसक्ने भन्दै यो सीमालाई ‘अव्यवहारिक र अतार्किक’ भनिएको छ। यसले गर्दा सीमावर्ती क्षेत्रका सर्वसाधारणले दैनिक उपभोग्य वस्तु (तरकारी, औषधि, कपडा) ल्याउँदा समेत भन्सार कर्मचारी र सुरक्षाकर्मीबाट हैरानी खेप्नुपरेको उल्लेख छ।

निवेदकहरूले अर्थ मन्त्रालयले २०८० जेठ १५ र २०८२ जेठ १५ मा प्रकाशित गरेको उक्त भन्सार सम्बन्धी सूचना खारेज गर्न ‘उत्प्रेषण’को आदेश माग गरेका छन्।

साथै मुद्दाको अन्तिम किनारा नलागेसम्म सीमा क्षेत्रका नागरिकलाई दैनिक उपभोग्य वस्तु र विवाह वा सामाजिक संस्कारका लागि ल्याइने सामानमा अवरोध नगर्न र भन्सार नलिन ‘अन्तरिम आदेश’ समेत जारी गर्न माग गरिएको छ।

सन् १९६० को नेपाल-भारत व्यापार सन्धिका प्रावधानहरू अनुसार दुई देशबिच वस्तुको सहज प्रवाह हुनुपर्नेमा यो निर्णयले उक्त सन्धिलाई समेत चुनौती दिएको रिटमा उल्लेख छ।

रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय र भन्सार विभागलाई विपक्षी बनाइएको छ। रिट निवेदकहरूले सरकारको यो कदमले नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, समानताको हक र स्वतन्त्रताको हकको ठाडो उल्लङ्घन गरेको दाबी गरेका छन्। रातोपाटीबाट

# बँदेलको आक्रमणबाट युवकको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, १४ वैशाख।**

जङ्गली बँदेलको आक्रमणबाट सर्लाहीको लालबन्दीमा एक पुरुषको मृत्यु भएको छ। लालबन्दी नगरपालिका-१५ पिडखोल्सा बस्ने ३२ वर्षका प्रेमबहादुर थिङ (दावा)को आक्रमणबाट मृत्यु भएको हो।

बँदेलको आक्रमणबाट घाइते हुनुभएका थिङको उपचारका लागि महेन्द्र राजमार्गस्थित लालबन्दी लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए।

प्रहरी टोलीले मध्यराति नै घटना स्थलको मुचुल्का तयार गरी शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवा पुऱ्याएको छ। जङ्गली बँदेलले खेतमा लगाएको मकैमा क्षति गरे पछि थिङ केही दिनदेखि मकै रेखदेखका लागि खेतमा बस्दै आएका थिए।

## सुरक्षित गर्भपतन ...

आफूखुसी अनधिकृत औषधि पसलबाट अनधिकृत औषधि सेवन गर्नुहुन्न। औषधि व्यवस्था विभागको सीमित स्रोत साधनका कारण औषधि पसल अनुगमन गर्न नभ्याइएको हो। सुरक्षित गर्भपतन सेवाअन्तर्गत क्लिनिक र औषधि सेवनमार्फत दुवै सेवा प्रदान गर्न सरकार सक्षम छ। सेवा छ, सेवाग्राही छैनन्।"

सरकारी स्वास्थ्य संस्थामा गोपनीयता नहुने जनाउँदै सेवाग्राही यस्ता सेवाका लागि निजी तथा औषधि पसलमा निर्भर हुने गर्दछन्।

गत असोजसम्म सुरक्षित गर्भपतन सेवाका लागि दुई हजार ८२७ भन्दा बढी स्वास्थ्य संस्था सूचीकृत भएका छन् भने सात हजारभन्दा बढी स्वास्थ्यकर्मीले तालिम प्राप्त गरी सो सेवा प्रदान गरिराखेका जनाइएको छ।

‘मिफेप्रिस्टोन’ र ‘मिसोप्रोस्टोल’ नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ। यो १० हप्ताभित्रको गर्भका लागि सुरक्षित मानिन्छ। तालिम तथा अनुमति प्राप्त नर्सले सुरक्षित गर्भपतनका लागि घरमा पुगेर सो सेवा दिन सुरुआत गरेका छन्। ग्रामीण क्षेत्रमा यो सेवा अति प्रभावकारी रहेको स्वास्थ्य मन्त्रालयको दाबी छ।

यसैगरी, १२ हप्तासम्मको गर्भपतनलाई ‘म्यानुअल भ्याकुम एस्पिरेसन (एमभिए)’ विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ। १३ देखि १८ हप्तासम्म गर्भलाई ‘कम्प्रिहेन्सिब इमरजेन्सी अब्सटेटिक नियोनेटल कियर’ सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेसन एन्ड इभ्याकुएसन (डिएन्ड) गरिन्छ।

औषधि विधि (एमए) बाट गरिने गर्भपतन सेवा प्रभावकारी रहेको छ। सुरक्षित गर्भपतन सेवाका बारेमा अझै जानकारी छैन। सेवा लिनसमेत अझै हिचकिचाउने प्रवृत्ति छ। सुरक्षित गर्भपतन सेवा परिवार नियोजनको साधन होइन भन्ने कुरालाई समुदायमा बुझाउन जरुरी छ।

वातावरण स्वास्थ्य र जनसङ्ख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा) का एक अध्ययनअनुसार नेपालमा वार्षिक रूपमा तीन लाख २३ हजार गर्भपतन हुन्छ। तीमध्ये ४२ प्रतिशत सूचीकृत र ५८ प्रतिशत असूचीकृत संस्थामार्फत हुन्छ।

हाल आधुनिक परिवार नियोजन सेवाको प्रयोग दर ४२.८ प्रतिशत छ। अझै पनि प्रजनन उमेरका २३.७ प्रतिशत महिलाले परिवार नियोजन सेवा प्रयोग गर्न चाहेर पनि सेवा प्राप्त गर्न सकेका छैनन्।


स्वास्थ्यमा ध्यान दिऔं।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०७४४२२८०, ९८४२२७०७२४



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*